सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक

# सोलु समाचार

सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

सोलुखुम्बु सदरमुकाम सल्लेरीमा
फ्रेन्डशीप सेकुवा कर्नर घर
तपाई पनि आउनुहोस् है !
जिल्ला विकास समितिको कार्यालय नजिकै
सम्पर्क : ०३८ - ५२०४३९

वर्ष ५, अङ्क २४, सोलुखुम्बु | २०६८ आश्विन ६ गते शुक्रबार | Sep 23, 2011 | मूल्य १० रुपैयाँ | http://solufm.wordpress.com

## सगरमाथा मर्चेण्टको औपचारिक उद्घाटन

*सल्लेरी । सोलु समाचार*

सगरमाथा मर्चेण्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेड सल्लेरी शाखाको बिहिबार सल्लेरीमा उद्घाटन गरिएको छ । शाखाले २०६७ कार्तिकदेखि नै सेवा शुरु गरे पनि आज सभासद् तथा सगरमाथा मर्चेण्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडका अध्यक्ष गोकर्ण राईले शाखाको औपचारिक उद्घाटन गरे ।

उद्घाटन कार्यक्रममा प्रमुख अतिथि सभासद् राईले सोलुखुम्बुबासीको भावना बुझेर बैंक अघि बढ्न सके सबैलाई फाइदा हुने बताउनुभयो । वहाले सगरमाथा मर्चेण्टले छोटो समयमा राम्रो सफलता हासिल गरेको चर्चा गर्दै यसले सोलुखुम्बुको बैंकिङ आवश्यक्ता पुरा गर्ने बताए ।

.... बाँकी पृष्ठ नं. ६



सल्लेरी स्थित साप्ताहिक हाट नयाँ बजारमा बेच्नको लागि राखिएका तामाका भाँडाकुडाँहरु : फोटो/मनोजकुमार श्रेष्ठ

### १९९० साल पछिको ठुलो भुकम्प

# सोलुखुम्बुमा करिब साँढे आठ करोड क्षती

भोजेन्द्र बस्नेत/सोलु समाचार साप्ताहिक

२०६८ साल असोज १ गते आईतवार, साँझको बेला । सोलु एफएमको साँझ ६ बजेर ५५ मिनेटबाट प्रशारण शुरु हुने समाचार बुलेटिनका लागि समाचार तयारीमा व्यस्त थियौं । एक्कासी कम्प्युटर हल्लियो । समात्न खोज्दा टेबल पनि । अर्को टेबलमा भएको ल्यापटप पनि हल्लिँदै थियो । अनि डर लागेरसँगै रहेका साथी उत्तम पराजुलीसँगै भुकम्प गयो भन्दै ढोकामा पुगें, उत्तम र म दुबै जना ढोकाको आड लिएर उभियौं । त्यसबेलासम्म भित्र काम गर्दै गरेका अरु सबै साथीहरु भुकम्प, भुकम्प भन्दै रिसेप्सनमा आईसकेका थिए । त्यत्तिबेलासम्म हल्लिन नछाडेकोले हामी दौडदै खुल्ला चौरमा पुग्यौं ।

भुकम्प आउँदा सोलु एफएममा देखिएको यो दृष्यजस्तै गरी नेपालका प्राय सबै ठाउँमा भागाभाग मच्चियो । राष्ट्रपती निबास, सांसद भवनदेखि लिएर स्वास्थ्य संस्था, सबै ठाउँमा भागाभाग भयो । सोलुखुम्बु बासाका कृष्णबहादुर कार्की भन्छन् म त पसलमा बसिरहेको थिएं, भुकम्प आएपछि परिवारका सबैलाई लिएर बाहिर खुल्ला ठाउँमा पुगें । उनिजस्तै गरी सबैजसो खुल्ला ठाउँ खोज्दै भागेका थिए । भुकम्प आफैले ज्यान लिदैन तर भुकम्पका कारण संरचना भत्कदा, पहिरो जाँदा वा बाढी आउँदा मानिसको ज्यान लिने भएकोले भुकम्प गएको समयमा सबैजसो खुल्ला ठाउँतिर भाग्ने गरेका छन् ।

**आईतवार राती करिव ९ बजेपछि टेलिफोनले काम गर्न थालेकोले जिल्लाका बिभिन्न ठाउँमा घरहरू भत्किएको जानकारी आउन थाल्यो । सोमबार बिहानैदेखि स्वास्थ्य संस्था, सुरक्षा निकायका भौतिक संरचना, बिद्यालय, गुम्बा लगाएतमा क्षति भएको जानकारी आउने क्रम बढ्यो ।**

भुकम्पको पहिलो झड्का सकिन नपाउँदै सोलुखुम्बुका सबै मोबाईल र फोनले काम गर्न छाडिसकेका थिए । समाचार कक्षमा फर्केर समाचार तयार गर्न लाग्दा लुक्लामा एकजना घाईते भएको र केही घर भत्किएको जानकारी प्राप्त भयो, नाम्चेमा पनि केही क्षति भएको जानकारी पाईयो । यति जानकारी पाउँदासम्ममा लोकल फोनसमेत चल्न छाडिसकेको थियो । त्यसपछि जिल्लाका अन्य ठाउँमा सम्पर्क गर्न खोज्दा कतै सम्पर्क भएन । राती करिब ९ बजेपछि टेलिफोनले केही मात्रामा काम गर्न थालेकोले जिल्लाका बिभिन्न ठाउँमा घरहरु भत्किएको जानकारी आउन थाल्यो । सोमबार बिहानैदेखि स्वास्थ्य संस्था, सुरक्षा निकायका भौतिक संरचना, बिद्यालय, गुम्बा लगायत्मा क्षति भएको जानकारी आयो । ताप्लेजुङ र सिक्किमको सिमानामा केन्द्रबिन्दु बनाएर ६ दशमलव ९ रेक्टर स्केलको भुकम्प गएको कुरा भुकम्प गएको केहीबेर पछि नै स्थानीय तथा राष्ट्रिय सञ्चार माध्ययमहरुमा छाउन थाले ।

यस अघि नेपालमा बिक्रम सम्बत् १०९० सालमा ८ दशमलव ४ र बिक्रम् सम्बत् २०४५ सालमा ६ दशमलव ६ रेक्टर स्केलको भुकम्प गएको जानकारी थियो । १९९० सालमा नेपालमा ८ हजार ५ सय १९ जनाको ज्यान गएको थियो भने २ लाख ७ हजार ४० वटा भौतिक संरचना भत्किएका थिए । त्यस्तै २०४५ सालमा गएको भुकम्पबाट ७ सय २१ जनाको मृत्यु र ६५ हजार घर भत्किएका थिए । यो तथ्याङ्कलाई सम्झदा र २०४५ सालको भन्दा ठूलो भुकम्प, त्यो बेलाको भन्दा बढि भौतिक संरचनालाई आधार मानेर जनधनको निकै क्षति भयो होला भन्ने अड्कल मैले जस्तै अरु धेरैले गरेका थिए । त्रासले गर्दा राती अबेरसम्म केन्द्रीय सञ्चार माध्ययममा हेरिरहँदा र सकेसम्म

.... बाँकी पृष्ठ नं. ७

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

## गार्मामा सार्बजनिक सुनुवाई

*गार्मा/सोलु समाचार*

ईलाका स्वास्थ्य चौकी गार्माका ईन्चार्ज नसिम रायनले आगामी दिनमा कुनै पनि बिरामीलाई बेड भर्ना गरी उपचार नगर्ने प्रतिबद्धता जनाएकाछन्। स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको साझेदारीमा योङ्ग स्टार क्लवको आयोजनामा हालै गार्मा गाविसमा सम्पन्न सार्वजानिक सुनुवाई तथा प्रतिबद्धता कार्यान्वयन कार्यक्रममा ईन्चार्ज रायनले कुनै बिरामीलाई स्वास्थ्य चौकीमा राखेर उपचार नगर्ने प्रतिबद्धता जनाएका हुन्।

कार्यक्रममा यसअघि सो ईलाका स्वास्थ्य चौकीमा आकस्मिक सेवाका लागि आएका गम्भिर प्रकृतिका बिरामीहरुलाई पनि सेवा दिँदै आएको भन्ने बिषयमा चर्चा चलेको थियो। स्वास्थ्य निमावली अनुसार ईलाका स्वास्थ्य चौकीमा शैया राखी उपचार सेवा संचालन गर्न नपाईने नियम रहेपनि हाल सो सेवा संचालन गरेको तथा उपचारका क्रममा सेवाग्राहीहरुबाट बढी रकम असुल्ने गरेको आरोप समेत ईन्चार्ज रायनमाथि लगाईएको थियो। हाल सो चौकीमा ३ वटा शैया राखि चौबिसै घण्टा उपचार सेवा संचालन हुँदै आएको छ।

त्यस्तै सो चौकीबाट नियमानुसारको निशुल्क औषधी बाहेक अन्य औषधी महंगो शुल्कमा बितरण गर्दै आएकोमा सो कार्य समेत बन्द गर्ने प्रतिबद्धता रायनले जनाए। जिल्ला स्वास्थ्य कार्यालय, सोलुखुम्बुका खोप सुपरभाईज नारायण तामाङले आगामी दिनमा ईलाका स्वास्थ्य चौकी गार्मामा हुने गरेका बिभिन्न क्रियाकलापका सम्बन्धमा कार्यालयले अनुगमन गर्ने बताए।

गार्मा गाविसको भवनमा संचालन भएको सो कार्यक्रममा गाविस, जिविस तथा अन्य क्षेत्रबाट भएका बिभिन्न बिकासका योजनाहरुका बिषयमा समेत बृहत् छलफल भयो। करिब ५ घण्टासम्म चलेको सो सार्वजानिक सुनुवाई कार्यक्रममा गार्मा गाविसलाई चालु आर्थिक बर्षमा न्युनतम सर्त मापन मुल्याङ्कन सुचकभित्र पारी उतिर्ण गराउनका लागि गाविसस्थित राजनीतिक दल, गाविस सचिव, सरोकारवाल सबैले प्रतिबद्ध भएर काम गर्ने समेत सहमति भएको छ।

त्यस्तै सो गाविसका सचिव चित्रकुमार राईले आगामी दिनमा प्रशासनिक खर्चबाट रकम छुट्याई पारदर्शिताका लागि सार्वजानिक सुनुवाई कार्यक्रम गर्ने प्रतिबद्धता जनाएकाछन्।

कार्यक्रममा सहभागिहरुले यसअघि गाविसमा संचालन भएका बिभिन्न योजनाहरु पारदर्शी नभएका, सिमित ब्यक्ति र दलहरुले योजनाका रकम र काम माथि हालिमुहालि गरेको, छुट्टिएको रकम हिनामिना भएका जस्ता कुराहरु समेत उठाएका थिए। सहभागिहरुले उठाएका प्रश्नको जवाफ दिँदै जवाफदेही बक्ताहरुले आगामी दिनमा सम्पुर्ण कार्यक्रमहरु पारदर्शी ढंगबाट संचालन गर्ने र कार्यक्रम सम्बन्धी जानकारी नागरिकहरुलाई दिने समेत प्रतिबद्धता जनाएका छन्।

जेष्ठ नागरिक लालबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, बिभिन्न सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधि, स्थानिय सर्वसाधारण, आयोजक संस्था योङ्ग स्टार क्लवका अध्यक्ष बुद्धिनारायण श्रेष्ठ लगायत ८० जनाभन्दा बढीको उपस्थिती रहेको थियो।

## अनेरास्वबियुमा राई

*सल्लेरी। सोलु समाचार*

सोभितमान राईको संयोजकत्वमा अनेरास्ववियु सोलुखुम्बुको आठौं जिल्ला सम्मेलन आयोजक कमिटमा गठन भएको छ। अनेरास्ववियु सोलुखुम्बुको सोमबार सम्पन्न भेलाले राईको संयोजकत्वमा १५ सदस्यीय आयोजक कमिती गठन गरेको हो।

जिल्ला सम्मेलन आयोजक कमिटीको सहसंयोजकमा प्रदिप राई, सचिवमा कामी निमा शेर्पा, सह(सचिवमा सिता फुयाल र कोषाध्यक्षमा बिनिता राई चयन भएकाछन्। नव गठित कमिटीलाई आगामी तीन महिनाभित्र जिल्ला सम्मेलन सम्पन्न गर्ने गरी जिम्मेवारी दिइएको छ।

आयोजक कमिटिसँगै कार्य बिभाजनको लागि बिभिन्न ६ वटा बिभाग समेत गठन गरिएको छ। भेलामा अनेरास्वबियुका केन्द्रिय सचिवालय सदस्य गौतम राई, केन्द्रिय सदस्य एवं सगरमाथा अञ्चल अध्यक्ष बीरउदास श्रेष्ठ, केन्द्रिय सदस्य एवं सोलुखुम्बु ईन्चार्ज कल्पना राई लगायत् नेकपा एमाले सोलुखुम्बुका नेता कार्यकर्ताहरुको उपस्थिती रहेको थियो।

## एमालेको प्रशिक्षण

*सोलु समाचार*

नेकपा एमाले ८ नम्बर इलाका कमिटीको आयोजनामा जिल्ला कमिटी स्कुल विभागद्धारा सञ्चालित दुई दिने प्रशिक्षण कार्यक्रम बुधबार सम्पन्न भएको छ। स्कुल विभागका प्रमुख जुद्धबहादुर कार्की, लोचनकुमार शर्मा र हर्क राईले सहजिकरण गर्नुभएको प्रशिक्षणमा नेकपा एमालेको पृष्ठभूमि, जनताको बहुदलीय जनवाद र सहकारीको महत्वका बिषयमा प्रशिक्षण दिइएको थियो।

नेकपा एमाले सोलखुम्बुका अध्यक्ष आङ डिमा लामाको प्रमुख आतिथ्य तथा इलाका नम्बर ८ का संयोजक धर्मराज मगरको सभापतित्वमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको हो।

## बिद्यालय भवन उदघाटन

*पेशल कट्टेल/केरुङा सोलु समाचार*

सेतीगैया प्राथमिक बिद्यालय, च्याङसर १, केरुङमा निर्मित ६ कोठे बिद्यालय भवनको उद्घाटन गरिएको छ। बिद्यालयमा बुधबार आयोजित कार्यक्रमका बिद्यालय ब्यवस्थापन समिति अध्यक्ष पदमबहादुर खड्का तथा आर्टिस्ट एशोसियसन होल्याण्डका प्रमुख सिब्रानले संयुक्त रुपमा नवनिर्मित भवनको उद्घाटन गरेका हुन्।

भवन चिम्डिङ फाउण्डेसन अर्गनाईजेशन, होल्याण्डको आर्थिक सहयोग तथा स्थानीय जनश्रमदानबाट निर्माण गरिएको हो। विद्यालय निर्माणका लागि उपलब्ध भएको २१ लाख १२ हजार ६ सय १५ रुपैयाँ सहयोग रकमवाट भवनसँगै खेलमैदान, फर्निचर, पुस्तकालय, खानेपानीको धारा समेत निर्माण गरिएको छ। त्यस्तै एकजना शिक्षकका लागि एक बर्षको पारिश्रमिक रकम समेत व्यवस्था गरिएको छ।

भवन उद्घाटन कार्यक्रममा क्रममा बिद्यालयका सम्पुर्ण बिद्यार्थीहरुलाई पोशाक समेत बितरण गरिएको थियो।

## रोकखोला जलबिद्युतमा पुन: नाछिरिङ

*झमकबाबु बस्नेत/सोताङ। सोलु समाचार*

रोकखोला सामुदायिक लघु जलबिद्युत आयोजना, सोताङको बार्षिक साधारण सभा तथा अधिबेसनले पुन: हिम नाछिरीङलाई अध्यक्षमा चयन गरेको छ। सोमबार सम्पन्न सभाले नाछिरिङ्गको अध्यक्षतामा ९ सदस्यिय कार्यसमिति चयन गरेको हो।

अधिबेसनमा कोषाध्यक्ष बिजयकुमार नाछिरीङले कुल आय २ करोड २० लाख ७ हजार २ सय २५ रुपैया तथा १ करोड ४५ लाख २ हजार ९ सय ५२ रुपैया बराबरको ब्यय बिबरण प्रस्तुत गरेका थिए।

अधिबेसनमा सफलता पूर्बक आयोजना सम्पन्न गरी बिद्युत सेवा उपभोग गर्न पाएको खुशियालिमा उपभोक्ताका तर्फबाट निवर्तमान कार्यसमितिका सम्पूर्ण पदाधिकारीलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो।

## भालुबाट कृषकहरू हैरान

*भोजकुमार अधिकारी। सोलु समाचार*

तामाखानी गाविसमा भालुले बर्षदिनभरी पुग्ने कृषिबालि नष्ट गरेपछि कृषकहरु चिन्तित भएका छन्। सो गाविसका नौ वटै वडामा भालुले बिषेशगरी मकै बाली नष्ट गरेपछि कृषकहरु चिन्तित भएका हुन्।

भालुबाट मकैबाली बचाउन हाल कृषकहरुले आ(आफ्नो मकै बारीमा रातभरी क्यासेट बजाएर राख्ने गरेको भएपनि समस्या समाधान नभएको स्थानिय कृषक धनबहादुर तामाङले बताए। ५ वटाभन्दा बढी भालु रहेको अनुमान समेत कृषकहरुले गरेका छन्।

उता जिल्ला बन अधिकृत चन्द्रदेवलाल कर्णले समस्याका बारेमा जानकारी नभएको बताए।

## जिमी राई उत्थान समाज द्वरा पुरस्कार बितरण

*डि.बी खालिङ। सोलु समाचार*

जिमी राई उत्थान समाज सोलु स्थानीय समितिले विभिन्न पुरस्कारहरु वितरण गरेको छ। समितिको तेह्रौं बार्षिक उत्सवको अवसर पारेर सल्लेरीमा पुरस्कारहरु प्रदान गरिएको हो। पुरस्कृत हुनेहरुमा गोकर्ण राई उच्च शिक्षा छात्रवृत्ति अन्तर्गत २०६७ सालको एसएलसी परीक्षामा उच्च अंक ल्याउने जिमी समुदायका तीन छात्र र तीन छात्रा रहेकाछन्।

यस्तै नैनबहादुर राई स्मृति खेलकुद कोषबाट हिमालय उच्च मावि बासाकी खेलाडी मिना राईलाई ५ हजार नगदका साथमा प्रशंसा पत्र, मनलक्की उद्यम कोषबाट बुङ १ का उद्यमी पर्खीधन राईलाई ५ हजार नगदका साथ प्रशंसा पत्र र

.... बाँकी पृष्ठ नं. ५

**जीबन फुल हो, प्रेम त्यसको सौरभ - भिक्टर ह्यूगो**

## सम्पादकीय

### सचेतनामुलक कार्यक्रम र राहत देउ

यो हप्ताको पहिलो दिन आइतबार साँझ मुलुकका अधिकांश भुभागमा ६.८ रेक्टरस्केलको भुकम्प आयो । भारतको सिक्किमलाई केन्द्रविन्दु बनाएर आएको भुकम्पवाट नागरिकहरु त्रसित बने र त्यो त्रास अझै पनि जारी रहेको छ । भुकम्पका कारण करिब एक दर्जनको ज्यान गयो भने ठूलो क्षतिसमेत भयो । भुकम्पले सोलुखुम्बु लगायत् पूर्वी नेपाल बढी प्रभाबित भयो । बि.सं. १९९० साल र २०४५ सालको भुकम्पवाट नेपालमा ठूलो मात्रामा जनधनको क्षति भएको थियो ।

भुकम्पको दृष्टिकोणले नेपाल जोखिमको उच्च श्रेणीमा पर्दछ । यद्यपि भुकम्पको उच्च जोखिममा हाम्रो देश नेपालमा भए पनि भुकम्प प्रतिरोधको क्षेत्रमा भने नेपालमा खासै काम भएको पाइदैन । अझ सोलुखुम्बु जस्तो जिल्लामा त भुकम्पीय प्रतिरोधका कार्यक्रमहरु भएकै छैन । भुकम्पको समयमा शहरी क्षेत्रमा अस्तव्यस्त र अत्याधिक भौतिक संरचनाका कारण ज्यान गुमाउनेहरु बढी हुन्छन् भने ग्रामीण क्षेत्रमा भुकम्पवाट जोगिने उपायको जानकारी नहुँदा ज्यान गुमाउनु पर्ने अवस्था छ ।

भुकम्प आउन नदिने वातावरण तयार गर्न सम्भव नभएपनि यसवाट हुने जनधनको क्षति चाहिँ कम गर्न सकिन्छ । तर यसको लागि व्यापक मात्रामा जनचेतनामुलक कार्यक्रमहरु गर्नु जरुरी रहेको छ । यसले भुकम्प लगायत्का प्राकृतिक विपत्ति आइहालेमा क्षति कम गर्न मद्दत गर्दछ । यसका साथै विभिन्न भवन निर्माणका क्रममा नै भवन निर्माणका लागि बनाइएको आचार संहिता कडाईका साथ लागू गरिनु र व्यवहारिक कार्यान्वय गर्नु गराउनु जरुरी रहेको छ ।

नयाँ भवनहरु बनाउँदा भुकम्प प्रतिरोधात्मक मात्रै बनाउन सकिए पनि क्षति कम गर्न मद्दत गर्दछ । किनकी भुकम्प जस्तो प्राकृतिक विपत्तिमा त भवनहरुकै कारण जनधनको क्षति बढी हुने गर्दछ । प्राकृतिक विपत्तिहरुवाट बच्ने उपाय अबलम्बन गर्नु सरकारीसँगै नागरिक स्तरवाट पनि सोचिनु र काम गरिनु जरुरी छ । भुकम्पीय सचेतनाका लागि पनि रकम बिनियोजन गरी सरकारी स्तरवाट कार्य शुरु गरिनु पर्छ । नागरिक र सरकारी स्तरको संयोजनले मात्रै विपत्तिको क्षतिलाई कम गर्न सकिन्छ । साथै, भुकम्प आएको हप्ता दिन बित्न लाग्दा पनि पीडितहरु खुल्ला आकाशमुनी रात बिताउन बाध्य भइरहेकाछन् । पीडितहरुलाई तत्काल उचित राहत उपलब्ध गराउन पनि सम्बन्धित निकायले तदारुकता देखाउनु जरुरी छ ।

सोलु एफएमका लागि
अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित
सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका
जि.प्र.का. द.नं. १ "क"/०६३
वर्ष ५, अङ्क २४
२०६८ आश्विन ६ गते शुक्रबार

**सल्लाहकार**
- हरिनारायण राजभण्डारी
- नारायणकुमार श्रेष्ठ

**कानुनी सल्लाहकार**
- राजकुमार श्रेष्ठ

**सम्पादक**
- ङिमा पाखिन तामाङ

**सह सम्पादक**
- मनोजकुमार श्रेष्ठ

**सहायक सम्पादक**
- नुतन श्रेष्ठ

**बजार व्यवस्थापक**
- दीपक राजभण्डारी

**मुख्य सम्वाददाता**
- भोजेन्द्र बस्नेत
- सुजता तामाङ

**भाषा सम्पादक**
- लोचनकुमार शर्मा

**काठमाडौं सहयोगी**
- सुदीप शाक्य

***प्रकाशक***
सोलु एफ.एम.

**पत्राचारको लागि ठेगाना :**
सोलु समाचार साप्ताहिक
सल्लेरी - ७, सोलुखुम्बु
फोन/फ्याक्स : ०३८ - ५२०२८१
email : soluweekly@gmail.com
मुद्रण : ज्वालामाई अफसेट प्रेस
सल्लेरी, सोलुखुम्बु

सोलु समाचार साप्ताहिक
नियमित रुपमा प्राप्त गर्न सम्पर्क
सुदिप : ९८४१३८९४१७ (काठमाण्डौ)
उमेश : ९८४२८६८९५१ (सोलुखुम्बु)
०३८ - ५२०२८१

**चौतारी - - -**

# शेर्पा जातिहरुको जातिय संस्था भित्रका वास्तबिकता तथा मैलाएका समस्याहरु



फुर्वा शेर्पा
पूर्व अध्यक्ष
नेपाल शेर्पा बिद्यार्थी मञ्च सोलुखुम्बु

नेपाल बिबिध जनजाति, भाषा, धर्म, सँस्कृति, मूल्य मान्यता र पहिचान रहेको देश हो । नेपालमा रहेका भिबिन्न आदिबासीहरु मध्ये नेपालमा मात्र नरहेर बिश्व तथा अनतर्राष्ट्रिय जगत सामु परिचित जातिको रुपमा शेर्पा जातिलाई चिनिदै आएको छ । बिश्वको अग्लो शिखर सगरमाथा आरोहण गर्न सफल शेर्पा जातिहरुले आफ्नो परिचय मात्र नदिई अन्तर्राष्ट्रिय जगतसम्म नेपालको नाम चिनाउन मद्दत पुऱ्याएको छ । नेपालको मान, मर्यादा र प्रतिष्ठालाई बिश्व सामु पुऱ्याउन सफल शेर्पा जाति आजको बदलिदो परिबेशमा पनि आफ्नो अधिकार र आवाज राज्य सामु पुऱ्याउन नसकिरहेको स्थिति देखिन्छ । आफ्नो जातीय पहिचानका लागि शसक्त रुपमा अगाडि बढ्न सकेको देखिदैन । चेतनास्तरका कारण नेपालमा बसोबास गर्ने जतिपनि शेर्पा जातिहरु आफ्नो शैक्षिक, सामाजिक, राजनैतिक र अन्य व्यक्तित्व बिकास गर्न तूलनात्मक रुपमा हेर्दा अन्य जातिहरु भन्दा निकै पछाडि परेको छ ।

> ***समान उद्देश्य राख्ने शेर्पा जातिका करिब आधा दर्जन भन्दा बढी जातीय संस्था तथा भातृ संगठन स्थापना भएतापनि बैधानिक रूपमा कमैमात्रले शसक्त रुपमा शेर्पा जातिहरूको हकहितका पक्षमा कार्यक्रमहरू गर्दै आइरहहेका छन् । कुन संस्थालाई बैधानकता ठान्ने सोही बिषयमा शेर्पा समुदाय अन्योलताको भुमरीमा फसिरहेको छ ।***

आर्थिक बिकासलाई नै समग्र बिकासका रुपमा बुझ्नु, अभिभाबकहरुले आफ्ना बालबालिकाहरुलाई माथिल्लो तहसम्म शिक्षा हासिल गर्न नदिई ट्रेकिङ व्यवसाय, पर्यटन तथा बैदेशिक रोजगार तर्फ जान अभिप्रेरित गर्ने परिपाटीका कारण बास्तबिक रुपमा शेर्पा जातिहरुको बिकास हुन नसकेको प्रस्ट रुपमा महसुस गर्न सकिन्छ । शेर्पा जातिहरुको बास्तबिक पहिचान पहुँच स्थापना गर्न र अधिकार सुनिश्चिताका निमित्त सरोकारवाला संस्था र व्यक्तिहरुले कुनै कदम चलाएको देखिदैन । शेर्पा जातिहरुको भाषा, धर्म, सँस्कृति, रीतिरिवाज, कला, सम्पदा तथा मौलिक सँस्कृतिको बिकास गर्न स्थापना भएका जतिपनि केन्द्र स्तरका संघ सस्थाहरु छन् ती सस्थाहरु केन्द्रिकृत भइरहेको छ । समान उद्देश्य राख्ने शेर्पा जातिका करिब आधा दर्जन भन्दा बढी जातीय संस्था तथा भातृ संगठन स्थापना भएतापनि बैधानिक रुपमा कमैमात्रले शसक्त रुपमा शेर्पा जातिहरुको हकहितका पक्षमा कार्यकमहरु गर्दै आइरहहेका छन् । कुन संस्थालाई बैधानकता ठान्ने सोही बिषयमा शेर्पा समुदाय अन्योलताको भुमरीमा फसिरहेको छ ।

प्रस्टरुपमा भन्नुपर्दा शेर्पा जातिहरु मुख्यतया सामाजिक कृयाकलापमा चेतना, एकता तथा दिर्घकालीन लक्ष्य र सोंचका साथ काम गर्न इच्छा शक्तिको अभाव देखिन्छ । संस्थाप्रति निस्क्रियता देखाउँदै जानु, बेवास्ता गर्नु असक्षम व्यक्तिहरु बिभिन्न माध्यमबाट संस्थामा आबद्ध भइ जातीय तथा समुदायहरुको हकहितका लागि सही नेतृत्व दिन नसक्नु जसको दुरगामी प्रभाव ती संस्थामा आबद्ध अन्य ब्यक्ति, भातृ संगठन तथा जिल्लाहरुमा परेको देखिन्छ । संगठनमा आबद्ध भएका र योगदान पुऱ्याउदै आएका व्यक्ति बिशेष गरी युवा बर्गलाई सरोकारवाला ब्यक्ति निकायवाट उचित प्रोत्साहन र मुल्यांकन नपाएर सही गन्तब्यमा पुग्न सकेको छैन । एउटै

.... बाँकी पृष्ठ नं. ६

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# हाम्रालाई होईन राम्रालई अबसर प्रदान गरिने छ

***रामसंघर्ष किराँती**, जिल्ला खेलकुद बिकास समिति, सोलुखुम्बुको अध्यक्ष हुन् । भर्खरै मात्र मनोनित भएका अध्यक्ष किराँती जिल्लामा खेलकुदको बिकासका लागि दत्तचित्त भएर काम गर्ने उद्देश्यका साथ अगाडी बढि रहेको दाबी गर्छन् । फागुनमा हुन लागेको छैंटौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई समेत मध्यनजर गरेर काम अगाडी बढाईरहेको छ । किराँतीसँग सोलु समाचार साप्ताहिकका लागि नुतन श्रेष्ठले गर्नुभएको कुराकानीको मुख्य अंश*



**रामसंघर्ष किराती**
**अध्यक्ष**
**जिल्ला खेलकुद बिकास समिति**
**सोलुखुम्बु**

**जिल्लाको खेलकुद र खेलाडीको बिकास गर्छु भनेर निक्कै जोशका साथ लागि पर्नुभएको छ नी ?**

पछिल्लो समयमा राष्ट्रिय प्रतिष्ठा बढाउन तथा स्वस्थ र अनुशासित नागरिक तयार गर्न राष्ट्रिय खेलकुद परिषद्ले खेलकुद क्षेत्रलाई नयाँ ढंगले अगाडी बढाउने जसरी सोच बनाएको छ । त्यसलाई सोचलाई ठोस रुपमा बदल्न सोलुखुम्बुका तर्फबाट पनि हामीले शुरुवात गरेका हौं । हिमाली तथा पहाडी क्षेत्रको रुपमा परिचित यस जिल्लाका बजारदेखि गाउँका कुनाकन्दरासम्म रहेका खेलाडीहरुको पहिचान गरी उनिहरुलाई बाहिर ल्याउने प्रयन्तका साथ जोशजाँगरले काम शुरु गरेका छौं । बिगतका केही राम्रा कुरालाई अनुशरण गर्दै तथा त्रुटीहरुलाई दोहोरिन नदिने उद्धेश्यका साथ नयाँ नेपाल निर्माणमा क्रममा खेलकुदलाई पनि नयाँ ढंगबाट अगाडी बढाउने सोचमा छौं । यसका लागि तमाम खेलप्रेमी नागरिक, खेलाडी, खेलसँग सम्बद्ध संघसंस्था, बिद्यालयको सहयोगको आपेक्षा समेत गरिएको छ ।

> *हिमाली तथा पहाडी क्षेत्रको रूपमा परिचित यस जिल्लाका बजारदेखि गाउँका कुनाकन्दरासम्म रहेका खेलाडीहरूको पहिचान गरी उनिहरूलाई बाहिर ल्याउने प्रयन्तका साथ जोशजाँगरले काम शुरू गरेका छौं ।*

**यस जिल्लाको खेलकुदको अवस्थालाई बुझ्दा नयाँ ढंगबाट यसलाई अगाडी बढाउने सम्भावना कत्तिको छ ?**

यसभन्दा अगाडी फर्कने हो भने त अवस्था अलि नाजुक नै छ भन्नुपर्ला । किनकी जब हामीले जिम्मेवारी पायौं त्यसपश्चात् समितिमा जाँदा अघिल्लो समितिबाट हामीले कुनै पनि प्रकारको बरबुझारथ पाएनौं । त्यस्तै जिल्लामा अहिलेसम्म कतिवटा खेलहरु संचालित छन्, परम्परागत खेलहरुको पहिचान हामीले कत्तिको गऱ्यौं भन्ने कुराहरु पनि अध्ययन तथा त्यसको अभिलेख राख्ने काम नभएको पाईयो । यसरी अन्य जिल्लाहरुको तुलनामा यो जिल्लामा खेलकुदका गतिबिधि तथा बिकासका लागि प्रयास ज्यादै कम भएको छ । तथापि यसलाई अगाडी लैजान नसक्ने भन्ने चाँही होईन । अहिलको समय, काल परिस्थितीअनुसार यसलाई रुपान्तरण गर्नु जुरुरी छ । समाजलाई अनुशासित र गतिशिल नागरिकको रुपमा बिकसित गराउनका निम्ति खेलकुद जगतलाई महत्वपूर्ण ढंगले हेरिनु जरुरी छ । जिल्लामा खेलकुदको बिकासका लागि समन्वयको खाँचो छ । त्यस्तै जिल्ला खेलकुद बिकास समिति मातहत गठन हुनुपर्ने खेलकुदसँग सम्बन्धित संघहरु गठन, पुर्नगठन हुन आवश्यक छ । त्यस्तै यहाँ हुने बिभिन्न खेलकुदहरु समेत समिति मातहतबाट संचालन हुनुपर्छ भन्ने हाम्रो अडान र निर्णय पनि हो । अब राष्ट्रिय खेलकुदको बिकासका लागि दिर्घकालिन, मध्यकालिन र अप्लकालिन योजनाअनुसार नै हामी पनि अगाडी बढ्नुपर्छ ।

**खेलकुद बिकासका लागि तपाई आफ्नो क्षेत्रबाट कस्तो नीति अपनाउनु हुन्छ ?**

बिगतका दिनमा हाम्रालाई मौका दिने भन्ने चलन थियो । तर अब त्यसको ठिक उल्टो हुनेछ, त्यो हो हाम्रालाई होईन राम्रोलाई अवसर दिनुपर्छ । यसलाई हामीले मुख्य नारा बनाएर खेलकुदको बिकासका लागि नयाँ नीति अपनाएका छौं । खेल र खेलाडी भनेको एउटा राष्ट्रिय गौरब हो, त्यो कसैको ब्यक्तिगत र राजनीतिक दलको हुनसक्दैन । त्यस्तै खेलकुद जगतलाई माथि उठाउनका निम्ति जिल्ला स्तरमा मात्रै नभएर गाविस स्तरमा समेत गाउँ खेलकुद बिकास समिति समेत गठन गर्न लागिरहेका छौं । सोही योजनाअनुसार तत्कालै हामी १४ वटा गाविसमा गाउँ खेलकुद बिकास समिति गठन गर्नेछौं । त्यस्तै गाविस स्तरबाट छानिएका खेलाडीलाई ईलाका स्तर, त्यसपछि मात्र जिल्ला स्तरसम्म पुग्ने बातावरण तयार गरिरहेका छौं । त्यसपछि जो प्रतिभा, सिप, कला, क्षमताको आधारमा जसले आफ्नो प्रतिभा प्रर्दशन गर्छ, उसलाई क्षत्रिय तथा राष्ट्रिय स्तरसम्म पुऱ्याउन पहल हुनेछ भन्ने हाम्रा प्रतिबद्धता हो ।

**आसन्न छैंटौं राष्ट्रिय खेलुकद प्रतियोगितामा यस जिल्लाका तर्फबाट सहभागिताका बिषयमा समितिले कस्तो योजना बनाएको छ ?**

> *गाविस, ईलाका र जिल्लास्तर भनेर सोही प्रक्रिया अनुसार राम्रा खेलाडीको छनौट गरिने छ । छनौट पश्चात उसलाई आवश्यक प्रशिक्षण, जानकारी लगायतका कुराहरू पनि समितिले प्रदान गर्नेछ । अब दशैं अगाडी नै गाउँ खेलकुद बिकास गठन भएपछि छनौट प्रक्रिया शुरू हुनेछ ।*

राष्ट्रिय खेलकुद प्रतियोगितामा यस जिल्लाको सहभागिताका लागि सबैको समन्वय र सहयोगको आवश्यक पर्दछ । हामीले प्रतियोगितामा यस जिल्लाका तर्फबाट कस्ता खेलकुदलाई समाबेश गर्न सक्छौं, सम्भावना कस्तो छ र यसका चुनौती के के हुन् भन्ने बिषयमा सामान्य अध्ययन तथा अर्न्तक्रिया गरिसकेका छौं । राष्ट्रिय गौरब तथा स्वस्थ नागरिकका लागि भन्ने जुन राष्ट्रिय नारा छ त्यसलाई लागु गर्दै प्रतियोगितामा सहभागिताका लागि सक्रिय रुपमा लाग्ने हामीले योजना बनाएका छौं र यसमा प्रतिबद्ध पनि छौं । साथै खेलाडी छनौट प्रक्रियाका बिषयमा हामीले अगाडी पनि चर्चा गरिसकेको छौं गाविस, ईलाका र जिल्लास्तर भनेर सोही प्रक्रिया अनुसार राम्रा खेलाडीको छनौट गरिने छ । छनौट पश्चात उसलाई आवश्यक प्रशिक्षण, जानकारी लगायतका कुराहरु पनि समितिले प्रदान गर्नेछ । अब दशैं अगाडी नै गाउँ खेलकुद बिकास गठन भएपछि छनौट प्रक्रिया शुरु हुनेछ ।

> *त्यस्तै जिल्लामा अहिलेसम्म कतिवटा खेलहरू संचालित छन्, परम्परागत खेलहरूको पहिचान हामीले कत्तिको गर्‍यौं भन्ने कुराहरू पनि अध्ययन तथा त्यसको अभिलेख राख्ने काम नभएको पाईयो ।*

**यस जिल्लाको खेलकुदलाई राजनीतिक दबाबभन्दा टाढा राख्न सक्नुहुन्छ ?**

बिगतमा खेलकुदको छुटेको रकमहरु बिभिन्न दलले भागबण्ड लगाउने चलन थियो । सर्वप्रथम त्यस प्रथाको अन्त्य हुनुपर्छ र यसैपालीदेखि त्यसको अन्तका लागि हामीले आफ्नो स्थानबाट पहल थालिसकेका छौं । खेलकुदका नाममा छुटेको बजेट कुनै पार्टी बिशेषले प्रयोग गर्नु खेलकुद हित बिपरित हुने भएकाले पनि यसो गर्नु राम्रो होईन । यसका लागि हामीले यसअघि पनि छलफल चलाईसकेका छौं र आगामी दिनमा पनि यसलाई निरन्तरता दिँदै लाने सहमति भएको छ । तर आर्थिक पारदर्शितासँगै राजनीतिक दलहरुको सहयोगको खाँचो पनि हामीलाई छ । राजनीतिक दलहरुको सहभागिताले पनि खेलकुदलाई प्रभावकारी बनाउन सकिन्छ । त्यसैले दलहरुले पनि खेलकुदको बिकास तथा खेलाडीहरुलाई प्रोत्साहन गर्ने उद्धेश्यका साथ सहयोग गर्नेछ भन्ने आशा हामीले लिएका छौं ।

**अन्तका के भन्न चाहनुहुन्छ ?**

खेलकुदको बिकास, खेलाडहरुलाई प्रोत्साहन, सही स्थानमा पुऱ्याउन, समान अवसर प्रदान गर्नका निम्ति सबै दल, संघसंस्था, क्लव, बिद्यालय, सरोकारवाल निकायको समान ध्यान पुग्न जरुरी छ । खेलकुद बिकास समिति यसमा दत्तचित्त छ र सहयोगको अपेक्षा गर्दछ ।

## सगरमाथा मर्चेण्ट.......

राष्ट्रिय राजनीतिको चर्चा गर्दै सभासद् राईले फरक विचार र भावना भएका दलहरु संविधान सभामा रहेको र ती दलहरुबीच समन्वय तथा सहमति कायम गरी जनभावना बमोजिमको संविधान जारी गर्न समस्या रहेको भएपनि दलका नेताहरु सहमतिमा पुग्ने र छिट्टै संक्रमणकालको अन्त्य भई लोकतान्त्रिक संविधान जारी हुने बताए ।

वहाले जिरी ( फाप्लु सडकको ट्र्याक खोल्नका लागि आफूले प्रयास गरिरहेको जानकारी दिँदै सबैलाई त्यसमा सहयोग गर्न आग्रह समेत गरे ।

कार्यक्रममा प्रहरी नायब उपरिक्षक रमेशकुमार खड्काले छिटो, छरितो र प्रभावकारी सेवा पुऱ्याउन सकिए सेवाग्राही र बैंक दुवैलाई फाइदा हुने बताए । गैह्र सरकारी संस्था महासंघका अध्यक्ष बुद्धिनारायण श्रेष्ठले जिल्लाको अझ दुर्गम तथा ग्रामीण भेगमा सगरमाथा मर्चेण्टको सेवा बिस्तार गरी जनतालाई थप सुविधा प्रदान गर्न आग्रह गरे ।



जिल्ला सहकारी संघका अध्यक्ष मंगलसिंह तामाङले जिल्लामा बित्तीय संस्थाको आवश्यक्ता महसुस गरिरहेको बखत् सगरमाथा मर्चेण्टले सेवा प्रारम्भ गरेकोमा खुशी व्यक्त गरे । सगरमाथा मर्चेण्टका सञ्चालक सदस्य माओ ऐलुङ राईको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत ओमप्रकाश सुवेदी, जिल्ला विकास समितिका रामकुमार खड्का, नेकपा एमालेका उपाध्यक्ष मानवीर राईले सगरमाथा मर्चेण्टलाई सफलताको शुभकामना दिएका थिए। उद्घाटन कार्यक्रममा सगरमाथा मर्चेण्टका महाप्रबन्धक अशोक बुढाथोकीले २०६८ सालको असार मसान्तसम्मा संस्थाको निक्षेप एक अरब १४ करोड ७४ लाख र कर्जा एक अरब ७ करोड ४८ लाख रहेको



र संस्थाले दुई करोड ५७ लाख खुद नाफा आर्जन गर्न सफल भएको जानकारी दिए ।

सगरमाथा मर्चेण्टले २०५७ साल बैशाख १६ मा ललितपुरमा प्रधान कार्यालय स्थापना गरी २०६२ साल भदौ १३ गतेदेखि आर्थिक कारोबार शुरु गरेको थियो । हाल सगरमाथा मर्चेण्टले नेपालका विभिन्न सात स्थानवाट बित्तीय सेवा प्रदान गरिरहेको छ । उद्घाटन पछि आज सगरमाथा मर्चेण्टमा खाता खोल्नेहरुको भीड लागेको थियो ।

# समाचार संक्षेप

### राष्ट्रिय

● एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शान्ति र संविधानका लागि आफ्नो पार्टीले अन्तिम प्रयत्न गर्ने बताउँदै मंसिर १४ सम्म शान्ति र संविधान निश्कर्षमा नपुगे जनताको फैसला स्वीकार्ने बताएकाछन् ।

● एकीकृत नेकपा माओवादी संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरुङले सरकारले अन्य राजनीतिक दलहरुसँग सहमति नगरी लडाकुको रिग्रुपिङ्गको कार्य कठीन हुने बताउनु भएको छ ।

● विपक्षी दलहरुले प्रधानमन्त्रीको पुर्व-प्रतिबद्धता विपरित सरकारले कर्मचारीको सरुवा शुरु गरेको भन्दै आपत्ति जनाएका छन ।

● नेकपा एमालेका उपाध्यक्ष विद्यादेवी भण्डारीले बाबुराम भट्टराई नेतृत्वको सरकारले शान्ति र सविंधानको काम पुरा गर्न नसक्ने बताएकी छन् ।

● गृहमन्त्री विजयकुमार गच्छदारले नागरिकको चाहाना अनुसार समग्र देशको शान्ति सुरक्षा, व्यवस्था सुदृढ पार्न नेपाल प्रहरीका उच्च अधिकारीहरुलाई निर्देशन दिएकाछन् ।

## ट्याम्केमा महोत्सब हुने

*सोलु समाचार*

२०६८ मंसिर महिनामा पुर्वाञ्चलकै अग्लो डाँडाका रुपमा चिनिएको ट्याम्के डाँडामा ऐतिहासिक ट्याम्के महोत्सव हुने भएको छ। खोटाङ र भोजपुरको सिमानामा रहेको ट्याम्केको पहिचानका साथै त्यहाँका बन्यजन्तु, जडिबुटी, संस्कार र संस्कृतिको संरक्षण र संम्बर्द्धन गर्दै पर्यटनको बिकास गर्ने उद्देश्यले मंसिर ७, ८ र ९ गते महोत्सव आयोजना गरिएको हो ।

ट्याम्के संरक्षण समितिको आयोजनामा हुन लागेको सो महोत्सवको उद्घाटन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले तथा समापन राष्ट्रपति डा. रामबरण यादवले गर्ने कार्यक्रम रहेको समितिका सहसंयोजक तथा प्रचार बिभाग प्रमुख सिताराम राईले जानकारी दिए ।

## जिमी राई.......

मदन राई परिवर्तन अभियान कृषि कोषबाट पञ्चनका मातृका राईलाई पनि नगद ५ हजार रुपैयाँका साथ प्रशंसा पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा सहभागीहरुले जिमी राई उत्थान समाजले स्थापनाकालदेखि आदिवासी जनजातिहरुको हितको लागि काम गर्दै आएको बताएका थिए । कार्यक्रममा संसद सचिवालयका शाखा अधिकृत अधिराज राईले समुदायको भावना समाजको घोषणा पत्र, विधान, कार्य नीति आदिमा समेटिनु पर्नेमा जोड दिए । उनले भाषणले मात्रै केही नहुने समेत बताए ।

जिमी राई उत्थान समाज सोलुका केन्द्रीय महासचिव केशर थुलुङले सबैको सहयोगवाट समाज अघि बढिरहेको बताउँदै सबैको सहयोगको अपेक्षा गरे । कार्यक्रममा जिमी राई उत्थान समाज सोलुका अध्यक्ष बुद्धिकिरण राईले आफ्नै कारणले जिमी राईहरु पछि परेका बताए । उनले जिमी राई समुदायलाई अघि बढाउन सबै सकारात्मक रुपमा अघि बढ्नै पर्ने बताए। कार्यक्रममा जिमी राई उत्थान समाजले प्रकाशन गरेको प्रवाह स्मारिकको पनि बिमोचन गरिएको थियो ।

### स्थानीय

● सोलुखुम्बु प्राबिधिक शिक्षालयमा सञ्चालन हुने अनमी कोर्सको प्रवेश परीक्षाको नतिजा बुधबार प्रकाशित गरिएको छ ।

● नेबिसंघ सोलुखुम्बुको सचिवमा रामकुमार कुलुङ र सह सचिवमा रोशन रानामगर नियुक्त भएकाछन् ।

● हिमालयन प्रोजेक्टको आयोजनामा भकान्जेमा आय आर्जन सम्बन्धी तालिम सम्पन्न भएको छ ।

● विश्व शान्ति दिवसको अवसरमा सोलु अस्पताल फाप्लुमा रहेका बिरामीहरुलाई सरसफाईका सामग्री वितरण गरिएको छ। विश्व शान्ति दिवसकै अबसरमा दिगो शान्ति र संबिधानको कामना गर्दै स्थानीय शान्ति समिति सोलुखुम्बुले बुधबार साँझ शान्ति लेखिएको दिप प्रज्वलन गरेको छ ।

● ज्वालामाई आदर्श सेवा क्लवको आयोजनामा तामाखानीमा जुनियर भलिबल प्रतियोगिता बुधबारदेखि शुरु भएको छ ।

● बिकेन्द्रित ग्रामिण पुर्वाधार जिविकोपार्जन सुधार कार्यक्रमको आयोजनामा नेलेमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

● माछापुच्छ्रे सामुदायिक बन उपभोक्ता समुह, नेले ३ को आमभेला नेपाली काँग्रेसका जिल्ला सदस्य बिरबहादुर गुरुङको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

● नेपाल किसान संघ सोलुखुम्बुको अध्यक्षमा कामे शेर्पा चयन भएकाछन् ।

● तेन्जिङ्ग हिलारी बिमानस्थल लुक्लाबाट शनिबार बिहान करिब सवा ७ बजे फाप्लु बिमानस्थलमा उडेको तारा एयरको बिमान फाप्लुको टावरसँग सम्पर्क नभएपछि पुन: लुक्ला फर्केको छ ।

● गौरिशंकर युवा क्लव भकान्जेले भकान्जेकै मार्बुखोलादेखी गुम्बेदलबाट भकान्जे आउने घोडेटो बाटोसम्मको बाटो सरसफाई गरेको छ ।

● पिके सहकारी संस्था लिमिटेड टाप्टिङको छैटौ साधारण सभाले २ सय ८८ शेयर सदस्यहरुलाई प्रतिशेयर रु. ५ सयका दरले मुनाफा वितरण गरेको छ ।

● अत्याधिक रक्तश्रावका कारण प्राथमिक स्वास्थ्य केन्द्र सोताङ्गमा मृत्यु भएकी बुङ ४ की सर्कीमाया राईको शव आफन्तहरुले लिन नआएपछि सगरमाथा मावि वाकुका विद्यार्थीहरुले बुङ पुऱ्याएकाछन् ।

● पविता कुलुङको अध्यक्षतामा छेस्काममा अपाङगता ९ सदस्यीय हकहित सामुदायिक केन्द्र गठन भएको छ।

● टाप्टिङ्को सिसाखोलामा नेकपा एमाले क्षेत्र नम्बर ८ को ईलाका कार्यालय उद्घाटन गरिएको छ ।

● जुभिङ ३ लेल्दुङका १३ जना बालबालिकालाई मंगलबार शैक्षिक सामग्री बितरण गरिएको छ ।

● सिंहकाली निमाबि केरुङ ५ लाई ४ बर्षदेखी सहयोग गर्दै आएका होल्याण्ड नागरिकहरुलाई बिद्यालयले स्वागत गरेको छ ।

हरेक शुक्रबार
सामुदायिक रेडियो सोलु एफ.एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# कबिजी तिम्रो जागिर

कविजी धन्य छ तिम्रो जागिर
काठमाण्डौको मुटुदेखि सगरमाथाको काखसम्म
चिलगाडीमा हरर

कविजी तिमी त जागिरे
तिम्रो कलम पनि जागिरे
जागिरले जे लेख भन्छ त्यै लेख्छौ
जागिरले जस्तो लेख् भन्छ त्यस्तै लेख्छौ
कहिले टिप्पणी त कहिले आदेश
तिम्रो टिप्पणीले कसैको गाँस खोसेको छ
तिम्रो आदेशले कसैको खातमा खात थपेको छ

कविजी धन्य छ तिम्रो जागिर ......

रवि नपुग्ने ठाउँमा पुग्ने कवि
गोप्य अन्तरकुन्तर छिर्ने कवि
बालभरियाको पिडा देख्दैन
अबोध भोका अनुहार देख्दैन
ग्याल, सिंगान र रोग भोकले ग्रस्त
कविजी तिम्रो कलम
पढ्न जान निर्देश गर्ने कलम
सफाहुन आदेश दिने कलम
थाहा पाउँदैन
भोको पेटले पढ्न दिदैन भनेर
साबुन विना सफा हुँदैन भनेर

कविजी धन्य छ तिम्रो जागिर ......

कविजी तिम्रो कलम चिन्तन कोर्छ
अग्ला महल र तातो कोठामा
तिम्रो कलम आदेश ओकल्छ
नियमको ठेलीबाट जागिरे शैलीमा
भन्छौ चेतना छर्छ कलमले
तर तिम्रो कलम तिमी जस्तै जागिरे
न छेस्कामका राईदाजु,
न नाम्चेका शेर्पा दाईभाई

तिम्रो कलमको भाषा बुझ्छन्
जनताले नबुझ्ने तिम्रो भाषा
जनताले नगान्ने तिम्रो कलम

कविजी धन्य छ तिम्रो जागिर .........

पदयात्रा मार्ग, होटल र गोठहरुमा
धेरै कविहरु पिल्सिएका छन्
तिमी सक्दैनौ सिर्जना साटासाट गर्न
भुँईमा पाईताला राख्दा पोल्छ तिमीलाई
तिन्को छेउमा बस्न लाज हुन्छ तिमीलाई
गाडी र महलको बानी परिसकेको छ
झुपडीले तिम्रो इज्जत घटाउँछ
र त तिमी ती हुन सक्दैनौ
तर ति तिमी हुन सक्छन

कविजी धन्य छ तिम्रो जागिर

कवि जी तिमीलाई शुभ-कामना छ
तिम्रो कलम अझ क्लिष्ट होस्
तिम्रो मान सम्मानमा श्री बृद्धि होस्
निमा, आइफुटी र आईतेले नबुझ्ने कविता
तिमीलाई नै शुभ(कामना छ
फूर्वाहरुलाई तिम्रो कविता चाहिएको छैन
तिम्रा लेखनीले जसधनलाई छुँदैन
यहाँ कविजी
पाखापखेरुहरु आफै सक्षम छन्
आफ्ना कथा, कविता र गीतहरु कोर्न
हातेमालो गर्दै चिसो बताससँग
कविताहरु सुसेल्छन्
कथाहरु कहन्छन्
र गीतहरु गाउँछन्

कविजी धन्य छ तिम्रो जागिर
काठमाण्डौको मुटुदेखि सगरमाथाको काखसम्म
चिलगाडीमा हरर

**जनार्दन रिजाल**
**ललितपुर**
**हाल : सल्लेरी, सोलुखुम्बु**

# शेर्पा जातिभित्र......

संस्थाभित्र बादबिबाद, बैमनश्यता र गुट उपगुटका कारण लाक्षित स्थानसम्म पुग्न सकेको छैन । एउटै संस्था भित्रपनि ब्यापक अन्तर बिरोध तथा पदीय लडाइ गर्ने वातावरण सिर्जना गराएमा शेर्पा समुदायको उत्थान बिल्कुलै हुन नसक्ने स्थिति सिर्जना हुन्छ । संस्थामा आबद्ध बौद्धिक ब्यक्ति तथा बुजुकहरु एक आपसमा आफ्नो पहुँच स्थापना गर्न तथा सिमित स्वार्थ सिद्धका गर्नका लागि एक आपसमा आग्रह पुर्वाग्रह देखाई पदीय लडाइ तथा संस्थाभित्र गलत राजनीति गर्न थालिसकेको छ शेर्पा समुदायमा हस्तीहरुले । बिशुद्ध जातीय संस्थाभित्र राजनीतिकरण गराई जातीय एकता र बिकासमा कृयाशिल ब्यक्तिहरुको मनोबल घटाउने काम शेर्पा समुदायभित्र खसजाति र अन्य गैर शेर्पाले नगरी नेतृत्वदायी शेर्पा ब्यक्तिहरुवाट हुने गरेको यथार्थ रुपमा बुझ्न सकिन्छ । शेर्पा युवा बर्ग, बिद्यार्थी, महिला, संचार, धार्मिक सेवाकेन्द्र, कला केन्द्रको हकहितका निम्ती स्थापना भएका संस्था तथा संगठनहरु सम्पूर्ण शेर्पा जातिहरुको साझा संस्था नेपाल शेर्पा संघको भातृ संगठनको रुपमा रहने छ भनी संघको बिधानमा स्पष्ट उल्लेख गरिए तापनि पछिल्लो समयमा आएर आफ्नै अस्तित्व बोकेको संस्था हो । कुनै भातृ संगठन होइन भनी केन्द्रिय स्तरका शेर्पा संघ सस्थाभित्र ब्यापक बिबाद चर्किन थालिएको छ । सहकार्य र सहमतिको कुनै बातावरण नभई एकले अर्कालाइ दोषारोपण गर्न प्रबृत्ति छिप्पिसकेको छ । एक संस्थाको बिरुद्ध अर्को संस्थाले प्रेष बिज्ञप्ती प्रकाशन गर्ने, निरंकुश शैली लादिन खोजी केन्द्रस्तरका संस्थाले जिल्लाका संगठन भंग गराउन पटक पटक चेतावानी दिने गलत प्रहार गर्ने जस्ता गतिबिधि हाल शेर्पा समदायका संस्थामा आबद्ध अग्रजहरुले छर्लंग देखाइसकेको छ ।

संस्थाभित्र मौलाउन थालेको यस्ता समस्या निराकारण गर्न शेर्पा संघसंस्थाहरु र नेता तथा बुद्धिजीबि ब्यक्तिहरुको सकारात्मक प्रयास तथा ध्यान पुग्न सकिरहेको छैन । यी सम्पूर्ण समस्या पैदा हुनको मुख्य दोषी संस्थाका जिम्मेवार तथा नेतृत्वदायी ब्यक्तिहरु नै देखिन्छ । आफ्नो आङको भैसी नदेख्ने अरुको आङको जुम्रा देख्ने जिम्मेवार ब्यक्तिहरुले संस्थाभित्र हाबी गर्न खोज्ने गलत प्रबृति लाचारपन र भागभण्डा जस्ता कृयाकलापहरुले नेतृत्व बर्ग प्रति समग्र शेर्पा समुदायबाट नै बिश्वसनीयता हराउन थालिसकेको छ । कोरा शब्दहरुमा मात्रै सीमित राखिने जातीय उत्थानका नारा लिएर मात्र शेर्पा समुदायको हकहित हुनसक्ने स्थिति देखिदैन । अतः शेर्पा जातिहरुको हकहित र राजनैतिक, सामाजिक तथा चेतनास्तरमा बृद्धि गराउन राजनीतिमा सकृय सम्पुर्ण राजनेता, शेर्पा समाजका ब्यक्तित्वहरु, बिभिन्न पेशामा आबद्ध ब्यक्ति संस्था र सरोकारवाला सम्पुर्णको बैचारिक एकता गराइ राजनीति भन्दा माथि उठेर शेर्पा जातिहरुको उत्थान गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यस्तै शेर्पा जातिहरुको हकहितको लागि स्थापित संघसंस्थाहरुले दिनहुँ बिदेशिदै गएका युवाहरुलाई स्वदेशमा नै रोजगारको अवसर सिर्जना गर्न राज्यसमक्ष पहल कदम चाली बिगतमा जस्तो पर्वतारोहण र पर्यटन क्षेत्रमा मात्र सीमित नगराई राज्यको नीति निर्माण तहमा र प्रशासनिक निकायहरुमा युवाहरुलाई संलग्न गराउनु नितान्त आवश्यकता देखिन्छ अन्यथा नेपालमा शेर्पा स्वयत्त प्रदेश घोषणा भएपनि कागलाई बेल पाक्यो हर्ष न बिष्मात उखानले सार्थकता पाउने देखिन्छ ।

# अवसरको सगरमाथा बिमोचित

सोलुखुम्बु सोताङकी रेणुका थापा सोलुद्वारा लिखित गजल संघर्ष अवसरको सगरमाथाको काठमाण्डौमा बिमोचन गरिएको छ । थापाको पाँचौ कृतिका रुपमा अन्तराष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टरको ब्यानरमा आयोजित कार्यक्रममा प्राज्ञ बुद रानाले कृतिको बिमोचन गरेका हुन् । कार्यक्रममा प्राज्ञ रानाका अतिरिक्त कृष्णहरी बराल, देवी नेपाल, रामबहादुर पहाडी लगायत्ले कृतिका बारेमा बोलेका थिए ।

दुर्घटनामा परी दायाँ हात भाँचिदा सिर्जना गरिएको कृति भएकोले अवसर पाउँदा जसले पनि सबैले राम्रो काम गर्न सक्ने तथा अवसर दिएमा आम नेपाली महिलाहरुले पनि केही गर्न सक्ने सन्देश जावोस् भन्दै कृतिको नाम अवसरको सगरमाथा राखिएको थापाले जानकारी दिइन् । आगामी दिनमा नेपाली साहित्यमा निरन्तर अघि बढ्ने बताउँदै थापाले सोलुखुम्बुलाई साहित्य सिर्जनाको रुपमा पनि थप उचाईमा पुऱ्याउन सक्दो प्रयास गर्ने बताइन् ।

यसअघि उनले संघर्षका पाइला (गजल संग्रह), उमाइन्द (कविता संग्रह), पिँजराको सुगा (बाल कविता संग्रह), शिखर पुरुषप्रति श्रद्धा सुमन (कविता संग्रह), नेपाली गजलमा महिला हस्ताक्षर प्रकाशित भइसकेकाछन् ।




NEPAL TOURISM YEAR 2011

## १९९० साल पछिको.......

टेलिफोन सम्पर्क गर्दा खासै धेरै क्षति भएको छैन भन्ने अनुमान आईतबार राती निदाउनु अघि नै भयो ।

भुकम्प गएको केहीबेर पछिदेखि शुरु भएको क्षति बिबरण प्राप्त गर्ने श्रृङखला यो लेख तयार गर्दासम्म जारी छ । जिल्लाका कतिपय ठाउँमा टेलिफोन सम्पर्क नहुँदा जानकारी प्राप्त भएको छैन भने कतिपय ठाउँमा गुम्बा, खुम्जुङ ४ को बौद्ध गुम्बाको गजुर, सल्लेरी-३ को बौद्ध गुम्बा, गोलीको पुरानो माने नाम्चे गुम्बा, डेण्टल क्लिनीक नाम्चे(३, किन्जा स्वास्थ्य केन्द्रको भवन लगायत् भत्किएका छन् । त्यस्तै जिल्लाका बिभिन्न गाविसमा रहेका २० वटा भन्दा बढि बिद्यालयमा पनि क्षति पुगेको छ । कतिपय बिद्यालयका भवन कामै नलाग्नेगरी समेत भत्किएका छन् । भुकम्पका कारण भएको सामान्य क्षतिलाई क्षति बेहोरेकाहरुले जानकारी गराएका छैनन् । बिहिबार साँझसम्म प्राप्त जानकारी र प्रहरी घटनास्थलमा पुगेर तयार गरेको मुचुल्का अनुसार आईतबार गएको भुकम्पका कारण सोलुखुम्बुमा करिब ८ करोड ४६ लाख १८ हजार रुपैयाँ भन्दा बढि क्षति भएको प्रहरीले अनुमान गरेको छ । सोलुखुम्बुका प्रहरी नायव उपरिक्षक रमेशकुमार खड्का भन्छन् “बिबरण प्राप्त हुने क्रम अझै जारी रहेकोले क्षतिको मात्रा बढ्न सक्छ । तर जिल्लामा २ जना घाईते भएको र कसैको मृत्यु नभएको चाँहि यहि नै अन्तिम बिबरण हो ।”

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको तथ्याङ्क अनुसार सर्बसाधारणको घर भत्कदा मात्रै सोलखुम्बुमा करिब ५ करोड ७५ लाख ४३ हजार रुपैयांभन्दा बढिको क्षति भएको छ । भुकम्पका कारण १ सय ८६ घरमा क्षति पुगेको छ जसमध्ये ३२ घर पूर्णरुपमा भत्किएका छन् । भुकम्पका कारण सोलुखुम्बुका ४१ घरपरिवारका १ सय ६० भन्दा बढि नागरिक बिस्थापित भएका छन् ।

जसमध्ये धेरैजसो आफन्तकोमा र केही पाल टाँगेर बसेका छन् । भुकम्पका कारण सबैभन्दा बढि नाम्चेमा ४७ घर, खुम्जुङमा ३४ घर, चौरिखर्कमा ७९ घर र जुभिङमा ११ घरमा क्षति पुगेको छ । भुकम्पले जिल्लाका सबैजसो गाविसमा क्षति पुऱ्याएको प्रहरीले जनाएको छ । भुकम्पका कारण गुदेल ३ का सञ्चमान् राई लुक्लामा र सल्यान ६ का बलबहादुर तामाङ आफ्नै घरमा घाईते भएका छन् ।

भुकम्पले जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु, ईलाका प्रहरी कार्यालय नाम्चे, श्रीदल गुल्म नाम्चे, सोही गुल्मको थाम्बुचे पोष्ट र सगरमाथा राष्ट्रिय निकुञ्जको जोरसल्ले पोष्टको भवनमा क्षति पुग्दा करिव ४२ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ । त्यस्तै बिभिन्न सरकारी कार्यालय, स्वास्थ्य संस्था, गुम्बा, बिद्यालय लगाएतमा क्षति पुग्दा २ करोड २८ लाख २५ हजार रुपैयाँ बराबरको क्षति पुगेको प्रहरीको अनुमान् छ ।

भुकम्पका कारण जुभिङ स्थित खरिखोला स्वास्थ्य केन्द्र, पासाङल्हामु निकीनिकोल अस्पताल चौरिखर्क, खुम्जुङ गाविस भवन, नाम्चे गाविस भवन, सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय, जुभिङ ५ को बुप्सा बिभिन्न स्थानमा भएका क्षतिको बिबरण आउनेक्रम जारी छ ।

### राहत पाएनन्

आईतबारको भुकम्पका कारण क्षति बेहोरेकाहरुले आजसम्म राहत पाएका छैनन् । हुन त मृत्यु, घाईते भएकाहरुलाई तत्काल उद्दार गर्नुपर्ने अवस्था आएन र क्षति बेहोरेकाहरु छिमेककोमा शरण लिन गएका र छिमेकीहरुले सहयोग गरेका कारण तत्काल छाना र खाना नपाउने अवस्था आएन । त्यसैले पनि राहत बितरणमा ढिला भएको हुन सक्छ । तथापी सोमबार नै जिल्ला प्रशासन कार्यालय सल्लेरीमा बसेको जिल्ला बिपद व्यवस्थापपन समितिको बैठकले यथाशक्य चाँडो राहात प्रदान गर्ने निर्णय गरेको छ । जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुका शाखा अधिकृत ओमप्रसाद सुवेदीका अनुसार प्रहरीले क्षतिको मुचुल्का सहित बिबरण तयार गरिरहेको छ र पीडितहरुलाई तत्कालै राहत उपलब्ध गराईने छ । कतिपय गाविसका पीडितहरुलाई नेपाल रेडक्रस सोसाईटीले त्रिपाल, भाँडावर्तन लगाएका राहत सामग्री बितरण गरिसकेको जनाएको छ ।

### भुकम्प सम्बन्धी सचेतना आवश्यक

यसपटक ठूलो भूइचालो गएको भएपनि तुलनात्मक रुपमा धनजनको क्षति कम भयो । तरपनि भुकम्प जाँदा सुरक्षाका लागि के गर्ने भन्ने जानकारी कमैमा भएको पनि थाहा भएको छ । संसद भवनमा रहेका सांसदहरुदेखि सामान्य नागरिकसम्म भुकम्पबाट बच्नका लागि के गर्न सकिन्छ भन्ने जानकारीको अभावमा भिडभाडमा दौडने, झ्यालबाट हामफाल्ने, टेलिफोनको प्रयोग गरिरहने, बिजुली बत्ति ननिभाउने, जस्ता गतिविधिहरु देखियो । त्यसैले सर्बसारधणदेखि लिएर सबैलाई भुकम्प आएमा के गर्ने भन्ने बारेमा जानकारी दिनु र कतै क्षति भईहालेमा उद्दार तथा प्राथामिक उपचार कसरी गर्ने भन्ने जानकारी दिन आवश्यक छ । भुकम्प गएका के गर्ने भन्ने बारेमा भुकम्प सम्बन्धी अध्ययन गरेका बिज्ञहरुले बिभिन्न सुझाव दिएका छन् । (हेर्नुस ब्लगमा)

## भुकम्प सम्बन्धी भ्रम र यथार्थ

नेपालको सबै क्षेत्र र एसियाको सबैजसो भागमा भुकम्पको सम्भावना र जोखिम देखिन्छ । भूकम्पीय दृष्टिले नेपाल निकै जोखिमपूर्ण क्षेत्र हो, तर सबैभन्दा बढी भने होइन । पाकिस्तान्, आसाम लगायत उत्तर(पूर्वी भारत, बर्मा, थाइल्यान्ड, जापान, इन्डोनेसियासम्म भुकम्पको जोखिम प्रशस्त देखिन्छ । भारतीय सामुद्रिक भागमा पनि भुकम्पको जोखिम छ, तर पानीभित्र भएकोले त्यसले धेरै क्षति गर्दैन । एउटा कुरा के भने ठूलो भुकम्प गएको ठाउँमा फेरि तत्कालै अर्को ठूलो भुकम्प आउनु दुर्लभ हो । त्यसैले अहिले एकदम ठूलो भुकम्पको सम्भावना कि त नेपाल कि त आसामको पूर्वी भागमा छ । त्यसको कारण के पनि हो भने धेरै लामो समय भइसक्यो, यो क्षेत्रमा ठूलो भुकम्प नआएको । अमेरिका लगायत् अन्य ठूला र बिकसित देशमा पनि प्रत्येक साठी वर्षमा ठूलो भुकम्प आउँछ भन्ने भ्रमपूर्ण विश्वास गरिन्थ्यो । नेपालमा प्रत्येक नब्बे वर्षमा ठूलो भुकम्प आउँछ भन्ने पनि त्यस्तै अन्धविश्वास हो । त्यसको वैज्ञानिक पुष्टि गर्न कुनै पनि भरपर्दो आधार छैन *-साभार भूकम्पविद् ददी सापकोटाको त्यो नेपाल पुस्तकबाट)*

**सामान्यज्ञानको उत्तर**

१. ३३ जना प्रति वर्ग कि.मी., २. थारु, ३. तामाङ, ४. सहारा मरुभूमि, ५. Automatic Teller Machine

## सामान्य ज्ञान

**प्रश्न**

१. वि.सं. २०५८ मा नेपालको हिमाली प्रदेशको जनघनत्व कति थियो ?

२. नेपालमा नेपाली, मैथिली र भोजपुरीपछिको बढी बोलिने भाषा कुन हो ?

३. घेवा कुन जातिको संस्कार हो ?

४. विश्वकै सर्वाधिक बृहद मरुभुमि कुन हो ?

५. बैंकमा राखेको रकम झिक्ने ATM को Full Form के हो ?

***उत्तर यतै कतै खोज्नुहोस् ।***

## विचित्र संसार

### तास सम्बन्धी रोचक जानकारी

अघिल्लो अंकको बांकी अंश...

५२ पत्ती तासमा जम्मा २ वटा जोकरहरु हुन्छ । ति जोकरहरु जतापनी मिल्छन । माथी भने अनुसार ५२ हप्ताको ३६४ दिन भयो । एक वर्षमा ३६५ पुऱ्याउन जुन हप्तामा वा जुन महिनामा १ दिन थप्नु पर्छ त्यो थप्ने काम एउटा जोकरले गर्छ । Leap Year अधिक वर्षमा ३६६ दिन हुन्छ । प्रयोग हुन बाकी रहेको एउटा थप जोकरा त्यहि बर्षको लागी हो । एकिनसाथ तिथि-मिती भन्न नसके पनि तासको आविस्कार धेरै पहिले चिनमा भएको थियो भन्ने भनाइ छ । के भनिन्छ भने त्यसबेला चिनको बादशाहका धेरैवटी रानीहरु हुने गर्थे अरे । उनिहरुलाई दरबारको खोपीवाट वाहिर निस्कन दिदैन थियो अरे । अनि ति रानीहरुले दिन, महिना ऋतु, चालपाउन क्यालेन्डरको रुपमा तासलाई प्रयोग गर्थ अरे । अहिले हामी तासको जुन रुप देख्छौ त्यो चाहिँ धेरै समय बिताई धेरै देश बिदेश डुली बनेको परिमार्जित रुप हो ।

### जानकारी

हालै देशभर आएको भुकम्पको धक्काका कारण धेरैजसो अत्तालिएर अग्लो ठाउँवाट हाम्फाल्दा, भागदौडमा घाइते भएका थिए । विज्ञहरुले भुकम्प आउँदा जोगिने दश उपाय दिएकाछन् । जुन यस प्रकार छन् :

● झट्का थाहा पाउने बित्तिकै आगोको श्रोत तत्काल बन्द गर्ने । ● धेरै माथिल्लो तल्लामा भए ढोकातिर दौडिने, भऱ्याङ ओर्लने, झ्याल बार्दली वा कौसीवाट हाम फाल्ने गल्ती नगर्ने । ● कम्तीमा एउटा ढोका खोल्ने ।● सुरक्षित स्थान नभए गारोको कुना वा टेबुलमुनि बस्ने, घुँडामा टाउको राखी हातले टाउको जोगाउने । ● घरबाहिर हुँदा टाउको सुरक्षित राख्ने र जोखिमयुक्त बस्तुवाट बच्ने । ● साँघुरा सडकमा रहँदा एकतले घरबाहिरको गारोमा आड लिएर बस्ने र आफ्नो टाउको हातले ढाक्ने ।● चौडा सडकमा रहँदा रुखभन्दा पर, बिजुलीको खम्बा र अग्ला भवनवाट टाढा बस्ने । ● सवारी साधन चलाउँदा बायातर्फ मोडेर पार्क गर्ने । निषेधित क्षेत्रमा नलाने ।● पहिरो, ढुंगा तथा चट्टान आदिवाट सचेत रहने । ● र सुरक्षित ठाउँतर्फ जाँदा अत्यावश्यक थोरै सामान मात्र बोकेर हिड्ने

*भुकम्पवाट आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।*

सार्वजनिक हितको लागि सोलु एफएम तथा सोलु समाचार

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# खेलकुदबारे अन्तरक्रिया

*सल्लेरी । सोलु समाचार*

फाल्गुण भित्रमा धनगढीमा हुने छैटौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि सोलुखुम्बुको सहभागिता, संभावना र चुनौती विषयक अन्तरक्रिया गोष्ठी सल्लेरीमा सम्पन्न भएको छ ।

राष्ट्रव्यापी रुपमा सहभागिता रहने सो प्रतियोगितामा कसरी सक्रिय सहभागिता जनाउन सकिन्छ भनेर सम्भाव्यता खोज्न गरेको सोमबार गरिएको अन्तरक्रियामा सहभागीहरुले खेलमा थुप्रै सम्भावना भएपनि चुनौति पनि उत्तिकै रकेका बताए

कार्यक्रममा खेलाडीहरुलाई उचित प्रशिक्षणको व्यवस्था हुनुपर्ने, नाताबाद, कृपाबाद, राजनीतिकरणबाट समग्र खेललाई असर गर्न नहुने, सम्भावना भएका खेलाडीलाई अबसरको सृजना गर्नुपर्ने, गाउँ स्तरमै खेलकुद सम्बन्धी क्रियाकलाप सञ्चालन गर्नुपर्ने लगायत्का सुझावहरु दिइएका थिए ।

खेलकुदसँग सम्बन्धित व्यक्तिहरु, खेललाई सहयोग गर्न सक्ने संस्था व्यक्ति लगाएतको उपस्थितमा भएको सो अन्तरक्रियामा सबै सरोकारवालासँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नुपर्ने, खेलाडीहरुको सम्मान संरक्षण लगायत्का कुरामा ध्यान दिनुपर्ने, खेलाडीलाई बिमा लगायत्को व्यवस्था हुनुपर्ने जस्ता सुझावहरु पनि सहभागीहरुले दिएका थिए ।

कार्यक्रममा प्रहरी नायव उपरिक्षक रमेशकुमार खड्काले राम्रो खेलाडीलाई प्रोत्साहन गर्नुपर्ने र खेलाडी छनौट गाउँगाउँबाट गरेर राम्रो प्रशिक्षण दिन सकेमा आसन्न छैटौं राष्ट्रिय खेलमा सोलुखुम्बुको सहभागीता उपलब्धिमूलक रहने विस्वास व्यक्त गरे । उनल खेलमा राजनीति, नातावाद सबैबाट टाढा राखेर अनुसासनमा रही खेलाडी छनौट र प्रशिक्षण लगायत्का काम हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला खेलकुद विकास समिति सोलुखुम्बुका अध्यक्ष रामसंघर्ष थुलुङले आफ्नो टिमले हाम्रो नभनी राम्रो खेलाडी छनौट गर्ने प्रतिबद्धता व्यक्त गर्दै खेलसँग सम्बन्धित निकायहरु शिक्षा कार्यालय, बिद्यालयहरु, गाविसहरु र जिल्ला खेलकुद विकास समिति सबैको समन्वयमा खेलाडी छनौट प्रशिक्षण र प्रतियोगितामा सहभागिता हुने बताए ।

# नेपाल १ सय ३४ औं स्थानमा

*सल्लेरी । सोलु समाचार*

अन्तराष्ट्रिय फुटबल महासंघ (फिफा) ले निकालेको नयाँ बरियतामा नेपाल २ स्थान माथि चढ्दै १ सय ३४ औं स्थानमा उक्लिएको छ । पछिल्लो एक महिनामा कुनै अन्तराष्ट्रिय प्रतियोगिता नखेलेको कारण नेपालको १ सय ९३ अंक नै छ । एक महिना अघिको बरियतामा १ सय ९३ अंक सहित १ सय ३६ औं स्थानमा थियो । दक्षिण एशियाली क्षेत्रको बंगलादेश एक स्थान माथि उक्लिँदै १ सय ३८ औं स्थानमा छ ।

भारत ४ स्थान तल झर्दै १ सय ६२ औं, माल्दिभ्स ३ स्थान तल झर्दै १ सय ६५ औं स्थानमा पुगेको छ । पाकिस्तान १ सय ७० औं स्थानमा कायम छ भने श्रीलंका २ स्थान तल झर्दै १ सय ७८ औं स्थानमा पुगेको छ । अफगानिस्तान १ सय ८३ औं र भुटान २ सयऔं स्थानमा छन् ।

१६ सय ५ अंक सहित स्पेन पुनः पहिलो स्थानमा उक्लिएको छ । दोश्रो स्थानमा झरेको नेदरल्याण्डको भने १५ सय ७१ अंक छ । एशियाली मुलुक जापान १५ औं स्थानमा कायम छ ।



सगरमाथा मर्चेण्ट बैकिङ एण्ड फाइनान्स लि. सल्लेरीको एक दृष्य : फोटो/मनोजकुमार श्रेष्ठ

**बिजया दशमीको पावन अवसमा हाम्रा समस्त श्रोता, ग्राहक तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

*तपाईपनि लोकप्रीय सञ्चारमाध्यम सामुदायिक रेडियो सोलु एफएम र सोलु समाचार साप्ताहिकमार्फत् शुभकामना प्रकाशन तथा प्रसारण गराउन चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नसक्नु हुन्छ र ।*

**फोन:०३८-५२०२८१,५२००१६, ५२०३५६**

**इमेल :** solufm@gmail.com / soluweekly@gmail.com

Solu FM 101.2 MHz

सामुदायिक रेडियो सोलु एफ एम द्वारा प्रकाशित
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

सोलु समाचार साप्ताहिक नियमित रुपमा प्राप्त गर्न सम्पर्क
सुदिप : ९८४१३८९४१७ (काठमाण्डौ)
उमेश : ९८४२८६८९५१ (सोलुखुम्बु)
०३८ - ५२०२८१
तथा बिज्ञापनको लागि पनि सम्पर्क गर्नुहोस

Ncell Ncell Ncell

**Ncell Shop Salleri**

सेवाहरु :

● सिमकार्ड ● रिचार्ज कार्ड ● डाटा कार्ड ● मोबाइल सेट लगायतका Ncell सम्बन्धी सम्पूर्ण सेवाहरु

डिलर बन्न साथै होलसेल र खुद्रा बिक्रीको लागि आजै सम्पर्क गर्नुहोस् ।

**Ncell Shop**

Salleri, Solukhumbu

"अब अझ धेरै कुरा गर्नुहोस् मात्र ९९ पैसा प्रतिमिनेटमा"

सोलु एफएमका लागि अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित सोलु समाचार साप्ताहिक फोन/फ्याक्स ०३८ ५२०२८१ email : soluweekly@gmail.com/solufm@gmail.com